# विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

# विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२

**प्रस्तावनाः** विपद्‌बाट क्षति भएका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार मर्मत र पुनर्निर्माण सहितको व्यवस्थापन गरी पठनपाठनलाई निरन्तरता दिनका लागि सुरक्षित विद्यालय वातावरणको विकास गर्न वाञ्छनीय भएकोले, प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले "**विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" बनाएको हो ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "**विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

(क) **"कार्यालय"** भन्नाले बागमती प्रदेश भित्रका सामाजिक विकास मन्त्रालय अन्तर्गत स्थापना भएका सामाजिक विकास कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) **"कार्यक्रम"** भन्नाले सामाजिक विकास मन्त्रालय मातहतका निकायहरुमा आर्थिक वर्ष २०८२।०८३ को प्रदेश सरकार र संघीय सर्शत अन्तर्गत स्वीकृत विपद् व्यवस्थापन कार्यक्रम र पुनर्निर्माण सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रमलाई सम्झनु पर्दछ।

(ग) **"निर्देशनालय"** भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(घ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ङ) **"स्थानीय सरकार"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

(च) **"सामुदायिक विद्यालय"** भन्नाले शिक्षा ऐन तथा नियमावली बमोजिम स्वीकृत भएका सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

मा.कन्चन चन्द्र बादे
मन्त्री

## परिच्छेद-२

## उद्देश्य, सर्त र छनोट प्रकृया

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

३. उद्देश्यः (१) यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:

क) संघ र प्रदेशको साझेदारीमा प्रदेशबाट सञ्चालित द्रुत प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरुयोजना बमोजिम विपद्बाट क्षति भएका विद्यालयहरुको भौतिक सुधार अनुदान कार्यक्रम र विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नु

ख) विपद्बाट क्षति भएका विद्यालयहरुको मर्मत सम्भार र पुर्ननिर्माण गर्न विद्यालय छनोटका आधार र प्रक्रिया तय गर्नु

ग) विपद्बाट क्षति भएका विद्यालयहरुमा शिक्षण सिकाइ नियमित रुपमा सञ्चालन गर्नु

४. **विपद्बाट क्षति पुगेका विद्यालयहरूको विवरण संकलनः** (१) गत आ.व. २०८१/०८२ मा गरिएको द्रुत सर्वेक्षण (Rapid Survey) बाट प्राप्त क्षति पुगेको विद्यालय बाहेक विपद्बाट क्षति भएका विद्यालयहरूको विवरण संकलन गर्नका लागि सामाजिक विकास कार्यालयहरु र प्रदेशमा क्रियाशिल शिक्षा क्लष्टरमा आवद्ध सङ्घसंस्थाहरुलाई परिचालन गर्न सकिनेछ ।यसै गरी स्थानीय तहले आफ्नो क्षेत्र भित्र विपद्बाट क्षती भएका विद्यालयहरुको विवरण सङ्कलन गरी पठाउन सक्नेछ ।

५. **विपद्को कारण क्षति पुगेका सामुदायिक विद्यालयहरू छनोटका सर्तहरुः (१)** सामुदायिक विद्यालयले विपद् व्यवस्थापन गर्नका लागि आवेदन दिन देहायका सर्त पुरा गरेको हुनुपर्ने छ,-

क) विद्यालयको विपत जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

ख) सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी गरेको मुचुल्का तथा क्षतिको विवरण झल्कने तस्बिरहरू,

ग) सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यन्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिवद्धता पत्र हुनुपर्ने

घ) देहाय बमोजिमका विद्यालय हुनुपर्ने

१. मिति २०८१ असोज ११ र १२ को विपद्बाट भएको क्षति सम्वन्धी प्रदेशस्तरबाट भएको द्रुत सर्वेक्षण (Rapid Survey) प्रतिवेदन, २०८१ मा समावेश भएका विद्यालय वा

२. विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना, २०८२ मा समावेश भएका विद्यालय वा

३. अन्य जुनसुकै प्रकृतिका विपद्बाट क्षति भएका विद्यालय

४. चालु आ.व.मा केन्द्रिय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पुर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेका विद्यालय



भा.कन्चन चन्द्र वादे
मन्त्री

ङ) बुदा नं घ१ को हकमा सामाजिक विकास कार्यालय, घ२ को हकमा सामाजिक विकास कार्यालय र शिक्षा विकास निर्देशनालय र घ३ को हकमा शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन हुनेछ ।

६. **विद्यालय छनोटका आधारहरूः (१)** निर्देशनालय/कार्यालयबाट १५ दिनको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी दफा ५ (१) को (घ) बमोजिमका विद्यालयहरू मध्येबाट निवेदन माग गर्नु पर्नेछ ।

२. प्राप्त निवेदनका आधारमा विद्यालय छनोट गर्दा निर्देशनालय तथा कार्यालयबाट विद्यालय नदोहोरिने गरी तपसिलका प्राथमिकताका आधारमा छनोट गर्नेः

क) गत आ.व.२०८१/०८२ मा विपद्‌बाट क्षति भएका विद्यालय पुननिर्माण कार्यक्रम अन्तर्गत नपरेको विद्यालयहरुको पुननिर्माण गर्न क्षतिको सङ्ख्याका आधारमा कोटा निर्धारण गरी कार्यालय/निर्देशनालयले सम्वन्धित स्थानीय तहलाई जानकारी गराउने।

ख) सम्वन्धित स्थानीय तहबाट देहायको प्राथमकिताका आधारमा विद्यालयको सिफारिस गर्ने

१. प्राप्त निवेदन बमोजिम अस्थायी सिकाइ केन्द्र (TLC) निर्माण गरी पठनपाठन संचालन गर्नुपर्ने विद्यालयहरु

२. अन्य संरचना (शौचालय, कक्षाकोठा मर्मत, टेवा पर्खाल, खानेपानी तथा शैक्षिक सामाग्री र विद्यालय भवन मर्मत लगायत) मा क्षति भएका विद्यालयहरु

३. अधिक क्षति भई पुन निर्माण गर्नुपर्ने विद्यालयहरु

ग) स्थानीय तहबाट प्राप्त सिफारिसको आधारमा निर्देशनालय/कार्यालयले अध्ययन तथा मूल्याङ्कन गरी विद्यालयको सङ्ख्या र नाम छनोट गरी TLC निर्माण, अन्य संरचना र भवन मर्मत तथा पुनःनिर्माणको कार्य गर्ने ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालनका लागि संरचनात्मक र प्रक्रियागत व्यवस्था

७. **निर्देशक समिति सम्बन्धी व्यवस्थाः** (१) विपद् व्यवस्थापन र पुनर्निर्माण सम्बन्धी कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| क. सचिव, सामाजिक विकास मन्त्रालय | संयोजक |
| ख. महानिर्देशक, शिक्षा विकास निर्देशनालय | सदस्य |
| ग. निर्देशनालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख | सदस्य |
| घ. निर्देशनालय रहेको स्थानीय तहको शिक्षा प्रमुख | सदस्य |
| ङ. मन्त्रालयको योजना हेर्ने महाशाखा प्रमुख | सदस्य-सचिव |

(२) निर्देशक समितिको वैठकमा अन्य विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



मा.कन्चन चन्द्र वादे
मन्त्री

क) विद्यालयको विपद् व्यवस्थापनका लागि आवश्यक बजेट, कार्यक्रम तथा योजना तर्जुमा गर्ने, गराउने

ख) विपद् व्यवस्थापनको क्रममा कार्यक्रम कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने,

ग) विपद् व्यवस्थापनका लागि विद्यालय छनोटका लागि आवश्यकतानुसार थप आधार तयार गरी सहजीकरण गर्ने,

घ) विपद् व्यवस्थापनका लागि आवश्यकतानुसार सम्बन्धित स्थानीय तह र संस्थाहरुसँग सहकार्यका लागि समन्वय गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

**८. कार्यक्रम कार्यान्वयन एवम् विद्यालय छनोट समिति**

(१) स्थानीय तहबाट प्राथमिकता क्रम अनुसार सिफारिस भइ निर्देशनालय/कार्यालयमा प्राप्त भएका विद्यालयहरु मध्येबाट छनोट गर्न महानिर्देशक/कार्यालय प्रमुखको सयोजकत्वमा तीन सदस्यीय समिति बनाउन पर्नेछ ।

(२) सम्वन्धित क्षेत्रको विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ ।

(४) बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. कार्यक्रम कार्यान्वयन एवम् विद्यालय छनोट समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) सूचना आह्वान गर्ने वा प्राप्त प्रस्तावहरुको अध्ययन गर्ने,

ख) स्थानीय तहबाट प्राप्त सिफारिस र विनियोजित बजेटको सीमाभित्र रहि आवश्यकता र औचित्यताको आधारमा अस्थायी सिकाइ केन्द्र (TLC) निर्माण, अन्य भौतिक संरचना र भवन मर्मत तथा विद्यालय पुनःनिर्माणको लागि विद्यालय छनोट र बजेट यकीन गर्ने,

ग) कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्ने/गराउने,

घ) निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने/गराउने ।

**१०. कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने सर्तहरूः** (१) कार्यक्रमको ड्इङ डिजाइन, लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित सामाजिक विकास कार्यालय वा निर्देशनालयको प्राविधिकले तयार गर्नुपर्नेछ ।

(२) सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसँग आवश्यक सर्तहरू समावेश गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(३) अस्थायी सिकाइ केन्द्र (TLC) निर्माण गर्नुपर्ने विद्यालयहरुले स्थानीय परिवेश, विद्यार्थी सख्या र शिक्षा तथा मानव स्रोत केन्द्रले तयार पारेको अस्थायी सिकाइ केन्द्रको ढाँचासंग सामञ्जस्यता



मा. कन्चन चन्द्र बादे
मन्त्री

हुने गरी प्राविधिकको समन्वयमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार संरचना निर्माण गर्नुपर्नेछ।

(४) अस्थायी सिकाइ केन्द्र (TLC), अन्य संरचना तथा भवन मर्मत र विद्यालय पुनःनिर्माण गर्दा सार्वजनिक खरिद ऐन, नियम तथा कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ। सम्झौता भई कार्य प्रारम्भ भएको जानकारी प्राप्त भए पश्चात् सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता वापत बढीमा ५०% रकम विद्यालयको बैंक खातामा निकासा दिन सकिनेछ ।

(५) सम्पूर्ण कार्य सम्पन्न भइसकेपछि विद्यालयले निर्देशनालय/सामाजिक विकास कार्यालयका प्राविधिकबाट स्थलगत रूपमा गई कार्यमूल्याङ्कन गरेको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, विद्यालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तहको सिफारिस, निर्माणको चरणमा लिइएका विभिन्न फोटाहरू र आवश्यक बिल भरपाई पेस गरे पछि सो कागजातको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम विद्यालयको बैंक खातामा निकासा दिइनेछ।

(६) विद्यालयले स्थानीय तहको प्रतिनिधिको सयोजकत्वमा कम्तिमा तीन सदस्यीय कार्यक्रम अनुगमन समिति गठन गर्नुपर्नेछ ।उक्त समितिले सो कार्यको रेखदेख तथा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेछ।

११. <u>अनुदानको सिमा</u>: (१) निर्देशनालय/कार्यालयले प्राप्त बजेटको सीमाभित्र रही देहाय अनुसारको रकम विद्यालयको खातामा अनुदान स्वरुप उपलव्ध गराउन सकिनेछः

क) विद्यालय परिसरको शैचालय, पहिरो व्यवस्थापन एवम् अन्य भौतिक संरचना क्षति भएका विद्यालयलाई अधिकतम दश लाख सम्म

ख) विद्यालय भवन तथा कक्षाकोठा निर्माण गर्नुपर्ने विद्यालयलाई अधिकतम तीस लाख सम्म

## परिच्छेद-४
## विविध

१२. **बजेट व्यवस्थापनः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट वित्तीय हस्तान्तरण भएको अनुदानसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्दा सङ्घीय कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित मापदण्ड र प्रक्रियालाई अवलम्वन गर्नु पर्नेछ। नियमानुसार कट्टा हुने कन्टिन्जेन्सीको रकम व्यवस्था गर्न सकिनेछ।

१३. **विवरण पठाउनु पर्नेः** निर्देशनालय/कार्यालयहरुले कार्यक्रम कार्यान्वयन गरिएका सामुदायिक विद्यालयको विवरण तथा सो सम्बन्धमा भएका कामकारवाहीको विवरण मन्त्रालयमा पठाउनुपर्ने छ ।

१४. **लेखा तथा लेखापरीक्षणः** सामुदायिक विद्यालयहरूले अनुदान वापत प्राप्त गरेको रकमको लेखाङ्कन, लेखा परीक्षण र प्रतिवेदन प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

१५. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम विद्यालयसँग सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

मा.कन्चन चन्द्र वादे
मन्त्री

१६. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुने छ।

१७. **कार्यविधि संशोधन/परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१८. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

मा. कन्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची १

(दफा ४ सँग सम्वन्धित)

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## विपद्बाट क्षती भएका सामुदायिक विद्यालयहरुको विवरण सङ्कलन फारम

(स्थानीय तह र सामाजिक विकास कार्यालय मार्फत विपद् बाट भएको क्षतीको विवरण सङ्कलन फारम)

### क. विद्यालयको आधारभूत विवरण

१. विद्यालयको नाम:

२. विद्यालयको EMIS कोड नं.:

३. स्थापना मिति:

४. वडा नं./पालिका

५. जिल्ला:

६. विद्यालयको स्तरः आधरभूत विद्यालय /माध्यमिक विद्यालय

७. सम्पर्क व्यक्ति:

८. सम्पर्क नं.:

९. विद्यार्थी सङ्ख्या (कक्षा अनुसार छुट्याएर):

१०. शिक्षक सङ्ख्या:

### ख. विपद् सम्बन्धी विवरण

१. विपद्को प्रकार:

२. विपद्को आइपरेको मिति:

३. क्षतीको अवस्था: पूर्ण/आंशिक

४. प्रभावित संरचनाहरु र संक्षिप्त विवरण

५. फोटोहरु संलग्न भए/नभएको:

७. मुचुल्का समावेश भए/नभएको:

८. स्थानीय तहको विपद् व्यवस्थापन समितिको निर्णयः

९. स्थानीय तहको सिफारिस भए/नभएको:

१०. प्राविधिक स्वा उपलब्ध गारउने स्थानीय तहको प्रतिवद्धता भए/नभएको:



मा. कान्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

ग. हालको अवस्था र सहयोग गर्नुपर्ने क्षेत्र

१. हाल विद्यालय सञ्चालन अवस्थाः खुला/अस्थायी केन्द्रमा/ पूर्ण बन्द

२. आवश्यक सहयोगको प्रकार (TLC,भवन मर्मत, शौचालय निर्माण,सामग्री आदि):

३. अनुमानित लागत ( प्राविधिकले तयार गर्ने): रु. __________

४. अन्य निकायबाट प्राप्त सहयोगको विवरणः

घ. सिफारिस गर्ने निकायहरुको विवरण

<table>
<tr><td>विद्यालय<br>प्रअको नामः<br>दस्तखतः<br>मितिः:<br>छापः</td><td>विद्यालयः<br>विव्यसका अध्यक्षको नामः<br>दस्तखतः<br>मितिः<br>छापः</td></tr>
<tr><td colspan="2">स्थानीय तहः<br>नामः<br>दस्तखतः<br>मितिः<br>छापः</td></tr>
</table>

अन्य संस्थाः

नामः

हस्ताक्षरः

मितिः

छापः

मा. कन्चन चन्द्र वादे
मन्त्री